## सम्वत् २०८२ साल श्रावण १६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको कोशी प्रदेश तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

२. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको प्रदेश स्वास्थ्य नीति, २०८२ स्वीकृत गर्ने।

३. कोशी प्रदेश सभाबाट नामाकरण गरिएको विषयमा कोशी प्रदेश सरकारबाट मिति २०७९/११/१७ मा भएको निर्णय संशोधन गरी संशोधित सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय मातहत विभिन्न कार्यालय र निकायहरूको पद र संख्या कायम गरी अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई कोशी प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने।

६. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेशमा शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स तथा भाषा शिक्षण कक्षा सञ्चालन अनुमति र नियमनका सम्बन्धमा बनेको विधेयकको मसौदा मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*